# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

आज तामाङ समुदायको मौलिक सांस्कृतिक **२८६२ औं ता ल्हो (घोडा वर्ष) सोनाम ल्होछार** पर्व हो । तामाङ समुदायले नयाँ वर्षको रुपमा माघ शुक्ल प्रतिपदाका दिन हर्षोल्लासपूर्ण वातावरणमा यो पर्व मनाउँदै आएका छन् । हाम्रा सबै मौलिक पर्वहरु राष्ट्रिय चाड हुन् । सोनाम ल्होछारलाई राष्ट्रिय चाडका रुपमा हामीले मनाउँदै आइरहेका छौं । सोनाम ल्होसार २०८२ को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका तामाङ समुदायका साथै सम्पूर्ण नेपाली दाजुभाई-दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नेपालको खासगरी मध्य भागको हिमाली, उच्च पहाडी र पहाडी भु-भागमा बसोबास गर्ने संस्कृतिका धनी तामाङ समुदायले सोनाम ल्होसार पर्वलाई नाचगान, आफन्त भेटघाट र खानपिन गरेर रमाइलोका साथ मनाउने प्रचलन छ । यो पर्वमा कुलपूजा र प्रकृतिपूजा गर्ने परम्परा छ । चेलीबेटी बोलाएर टीका लगाइदिने गरिन्छ । परम्परागत पहिरनले सजिएर एक ठाँउमा भेला भै तामाङ्सेलो नाच प्रस्तुत गरिन्छ । घर बस्तीहरू सफा राख्नुका साथै बुद्धका तस्बिर अङ्कित ध्वजापताका टाँगेर भगवान बुद्धप्रति श्रद्धाभाव प्रकट गरिन्छ । गुम्बा, चैत्यहरूमा पूजा गरिन्छ । बौद्ध परम्पराका रितिरिवाजलाई आधार मानी हासीखुशीका साथ ल्होसार मनाइन्छ ।

बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक विविधतायुक्त हाम्रो समाजमा तामाङ समुदाय पनि एक महत्वपूर्ण अङ्ग हो । तामाङ समुदायमा मनाइने यस पर्वले हाम्रो धर्म, संस्कृति, रीतिरिवाज तथा परम्पराको सम्बर्द्धन एवम् संरक्षण गर्न महत्वपूर्ण योगदान गर्दछ भन्नेमा म विश्वस्त छु । विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् आपसमा बन्धुत्व विकासका लागि यस पर्वले हामीलाई उत्प्रेरित गरोस् भन्ने कामना गर्दै यस सन्दर्भमा पुनःएक पटक शुभकामना व्यक्त गर्दछु ।

**२०८२ साल माघ ०५ गते, सोमवार**
**ने.सं. ११४६ सिल्लाथ्व: पारु**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**